# फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिका बैठक

आ.व. २०८०/८१ को बैठक संख्याः ५

मिति २०८०/०६/२१

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री बृज हाङ आङदेम्बेज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपशिलः

अध्यक्ष श्री बृज हाङ आङदेम्बे

उपाध्यक्ष श्री ठाकुर सिं नेम्बाङ

वडा अध्यक्ष श्री होम प्रसाद आङ्देम्बे

वडा अध्यक्ष श्री सन्तोष कुमार नेम्बाङ

का.वा.वडा अध्यक्ष श्री धन कुमार तामाङ

वडा अध्यक्ष श्री दल बहादुर नेम्बाङ

वडा अध्यक्ष श्री विष्णु कुमार चेम्जोङ

वडा अध्यक्ष श्री नारायण प्रसाद आङदेम्बे

वडा अध्यक्ष श्री देउ कुमार आङदेम्बे

सदस्य श्री विमला लिम्बू

सदस्य श्री आइतमायाँ लिम्बू

सदस्य श्री कमला पराजुली दुलाल

सदस्य श्री हर्कमायाँ नेपाली

सदस्य श्री टंक परियार

सदस्य श्री जसिमायाँ कमिनी

सदस्य-सचिव श्री निर्मल तुम्रोक

| | |
|---|---|
| प्रस्ताव नं. १. | अघिल्लो कार्यपालिकाको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा। |
| निर्णय नं. १. | अघिल्लो कार्यपालिकामा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाका बारेमा जानकारी भयो। कार्यान्वयन हुन बाँकी रहेका निर्णहरुलाई तदारुकताका साथ कार्यान्वयन गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं. २. | एम्बुलेन्स माग गर्ने सम्बन्धमा। |
| निर्णय नं. २. | काठमाडौं महानगरपालिको मिति २०८० असोज ६ गते को एम्बुलेन्स माग गर्ने सम्बन्धी सार्वजानिक सूचना बमोजिम यस गाउँपालिकाको लागि १ थान एम्बुलेन्स माग गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं. ३. | सडक सरसफाइ सम्बन्धमा। |
| निर्णय नं. ३. | गाउँपालिकाका विभिन्न सडकहरुलाई चाडपर्व लक्षित सरसफाई गर्ने कार्य १ हप्ता भित्र प्राविधिक लागत अनुमान तयार भए पश्चात यथासिघ्र सञ्चालन गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं. ४. | व्यावसाय दर्ता तथा नविकरण शिविर सम्बन्धमा। |
| निर्णय नं. ४. | गाउँपालिकाको राजस्व सङकलनमा सुधार गर्ने लक्ष्यका साथ प्रत्येक वडामा मिति २०८० साल कात्तिक महिना भित्रमा तालिका बनाएर व्यावसाय दर्ता तथा नविकरण शिविर सञ्चालन गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं. ५. | सुधारिएको चुलो वितरण गर्ने सम्बन्धमा। |
| निर्णय नं. ५. | गाउँपालिकाले गत आ.व. २०७९/८० मा खरिद गरेको सुधारिएको चुलो वितरणको लागि घरायसी कार्यमा दाउराको प्रयो गर्ने प्रत्येक वडाबाट ५/५ जान विपन्न तथा लक्षित नागरिकहरुबाट छनौट गरी सिफारिस गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं. ६. | स्काभेटर चालकको नियुक्ति/करार सम्झौता अनुमोदन सम्बन्धमा। |
| निर्णय नं. ६. | रिक्त रहेको गाउँपालिकाको स्काभेटर चालक पदमा विगत २०७६/८/५ गते देखि सह चालकको रुपमा कार्यरत श्री मिलन आङदेम्बेलाई स्काभेटर चालक पदमा करार सम्झौता गर्ने मिति २०८०/६/२१ गतेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो। |